संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ४ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र जनमत पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आज प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रम रहेकोले आ-आफ्नो आशन ग्रहण गरी नियमित कार्यमा सहयोग गर्न आग्रह गर्नुभएपछि उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि माननीय श्री रमेश लेखकले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २५२ बमोजिम नियम ५६ को उपनियम (५) मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर गर्दा एक दिनको बैठकमा बढीमा पन्ध्र जना सदस्यले मात्र प्रश्न सोध्न सक्ने व्यवस्था आजको बैठकको लागि मात्र लागू नहुने गरी प्रस्तुत गर्नु भएको नियम निलम्वन सम्बन्धी प्रस्तावको माननीय श्री महेश कुमार बर्तौला र माननीय श्री सन्तोष परियारले समर्थन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले उक्त नियम निलम्वन सम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद ९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी निर्धारित कार्यक्रमको लागि सोही नियमावलीको नियम ५६ को उपनियम (१) बमोजिम बैठकको पहिलो एक घण्टाको समय निर्धारण गरेको र नियमावलीको नियम ५८ बमोजिम सम्माननीय प्रधानमन्त्रीसँग प्रश्न गर्न माननीय सदस्यहरुबाट प्रश्न प्राप्त भैसकेको जानकारी गराउँदै प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा स्पष्टिकरण सोध्ने व्यवस्था नरहेको समेत जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले जवाफ दिनुभयो ।

१. मा० श्री ईश्वरी देवी न्यौपाने
२. मा० श्री पदम गिरी
३. मा० श्री पूर्णबहादुर घर्ती
४. मा० श्री शिशिर खनाल
५. मा० श्री ज्ञानबहादुर शाही
६. मा० श्री दिपक कार्की
७. मा० श्री मेटमणि चौधरीको तर्फबाट
मा० श्री शेरबहादुर कुवँर
८. मा० श्री अनिता देवी
९. मा० श्री सर्वेन्द्रनाथ शुक्ल
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० श्री योगेन्द्र मण्डल
१६. मा० श्री दिपक गिरी
१७. मा० श्री रघुजी पन्त
१८. मा० श्री दिलेन्द्र प्रसाद बडू
१९. मा० श्री विद्या भट्टराई
२०. मा० श्री रामहरि खतिवडा

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको "नेपाल सरकारको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९" पेश गर्नुभयो ।

तदुपारन्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०८० साल जेठ ५ गते शुक्रबारका दिन १६:००

बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्नुभएको व्यहोरा अनुरोध गर्दछु।

मितिः २०८०/२/३ (डिल्ली राम शर्मा)
सचिव

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०८० साल जेठ ५ गते शुक्रबार अपरान्ह ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको हुँदा प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे भित्र आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नु भयो साथै उक्त दिन र समयमा माननीय सदस्यहरुको लागि निर्धारण गरिएको पोशाकमा उपस्थित भईदिनुहुन समेत अनुरोध गर्नुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ५ गते शुक्रबार बेलुका ६:०० बजे बस्नेगरी बैठक दिनको २:३० बजे स्थगित भयो।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव